बैठक संख्या- २४ मिति २०६२।०१।२२

आज मिति २०६२।०१।२२ गते मंगलवारका दिन धरान उप महा नगरपालिका कार्य संचालन समितिको बैठक बसी तपसिलका निर्णयहरु गरियो ।

उपस्थिति:

श्री टीकदत्त राई- कार्यकारी अधिकृत धरान उप-महा-न०पा०

आमन्त्रित

श्री गणेश प्रसाद खतिवडा-

श्री खगेन्द्र प्रसाद खतिवडा-

श्री सुरज श्रेष्ठ-

श्री रमेश शाह-

श्री मेघराज अधिकारी -

श्री राजु पोखरेल -

श्री सुनील नेपाल-

निर्णयहरु-

(१) रिक्सा व्यवस्थापन सम्बन्धमा: धरान उप महा नगर पालिका क्षेत्र भित्र संचालनमा रहेका रिक्सा सम्बन्धमा निम्न अनुसारको व्यवस्था गर्ने निर्णय गरियो ।

(क) यस कार्यालयमा दर्ता नगरी यस उप-महा नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका रिक्साहरु दर्ता गरी नियमीत गर्ने सम्बन्धमा सरोकार पक्षसंग समेत छलफल गरी आएको सुझावको आधारमा यस कार्यालयमा दर्ता गरी सञ्चालनमा रहने रिक्साको कुल संख्या ४२६ (चारसय छब्बिस) कायम गर्ने ।

(ख) यस उपमहा नगरपालिका कार्यालयमा दर्ता नभएका १४२ थान रिक्साहरु दर्ताको लागि प्राप्त निवेदनलाई २०६३।०६४ साल देखि लाग्ने राजश्व एकमुष्ठ लिई दर्ता गर्ने ।

(ग) साविकमा यस कार्यालयमा दर्ता भई नविकरण नभई रहेका रिक्साहरुलाई २०६२ आषाढ मसान्त सम्म नविकरणको लागि म्याद दिने र सो अवधि भित्र नविकरण हुन नआएमा तीन आर्थिक वर्ष भन्दा लामो समयदेखि नविकरण नभएका रिक्साहरुको दर्ता खारेज गर्ने निर्णय गरियो ।

(२) नगर विकास कोषमा योजनाहरु पठाउने सम्बन्धमा:

आगामी आ.व. २०६२।६३ मा नगर विकास कोष र

नगर पालिकाको संयुक्त लगानीमा सन्चालन गर्ने गरी तपसिलका योजनाहरु स्वीकृत हुन नगर विकास कोषमा पठाउने निर्णय गरियो ।

तपसिल

(क) सोलार सडक बत्ति जडानकार्य- बुद्धरोड धरान-६, गंगालाल मार्ग धरान-८ रकम रु २९९७९०००।- र उप महानगरपालिकाको विभिन्न स्थानमा (देशीलाइन, पुतलीलाइन, भानुचौक धरान ६,२,९ मा गरी) रकम रु २९९७९०००।-

(ख) विष्णुपादुका मार्ग सडक तथा फुटपाथ निर्माण कार्य- मंगलवारे चौक- देखि बगाल मार्ग सम्म- धरान ११ को कुल लागत रु २९४८५२८।७७ र बगाल मार्ग देखि उत्तर सम्म धरान ११ को कुल लागत रु २९३६६५०।९७

(ग) जनपथ सडक विस्तारकार्य - धरान १६ स्थित-चतरा लाइन पानी टंकी देखि उत्तर न्यु पशुपति रोड जोड्ने बाटो सम्मको कुल लागत रु २९९९७०८६।८६, जनपथको न्यू पशुपति रोड देखि उत्तर सम्मको कुल लागत रु २९८७७०८६।८१

(घ) भुमीपथ सडक निर्माणकार्य: धरान १६ स्थित विशाल स्कोनको मुख देखि पुण्यमार्ग सम्मको कुल लागत रु २९९६२७३।६८ र भुमीपथ देखि सर्दु खोला सम्मको कुल लागत रु ९९९७८७९।५६

निर्णय नं. ३ : मध्य तथा दीर्घकालिन योजना (Medium & Long Term Project) सम्बन्धमा

(क) कार्यालय भवन निर्माण, कार्यालय परिसर भित्र धरान-१२
(ख) फोहर व्यवस्थापन केन्द्र, लाङ्गाली सामुदायिक वन धरान-८

आजको बोर्ड बैठक १०:०० बजे समाप्त गरियो। माइन्युटकर्ता अम्बिकाराज शर्मा